दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक ६३ | बुटवल | २०८२ फागुन १४ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday February 26, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## प्रतिनिधिसभा सदस्य निर्वाचन :

# रूपन्देही १ का उम्मेदवारहरू चिनौं







**लुम्बिनी संवाददाता**
*बुटवल*

फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य चुनावमा रूपन्देही क्षेत्र नम्बर १ मा विभिन्न दल र स्वतन्त्र समेत गरी ३० जना बढी उम्मेदवार चुनावी मैदानमा छन् ।

यहाँ नेकपा एमालेबाट पूर्व प्रदेश सांसद दधिराम न्यौपाने, नेपाली काँग्रेसबाट पूर्व मेयर हिराबहादुर केसी, राप्रपाबाट प्रज्ज्वल बोहरा, नेकपाबाट घनश्याम यादव, रास्वपाबाट पार्टी महामन्त्री सुनिल लम्साल, जसपाबाट मोहम्मद अस्लम खाँन लगायतउम्मेदवार छन् । यहाँ १ लाख ४६ हजार ८ सय २४ जना मतदाता छन् ।

### दधिराम न्यौपाने (एमाले) : प्रदेशबाट संघीय सांसदको लक्ष्य

२०१५ साल मंसिरमा अर्घाखाँचीको मैदान अमजा भर्थानमा जन्मेका दधिराम न्यौपाने बुटवल उप-महानगरपालिकाका स्थायी बासिन्दा हुन् । गाउँकै विद्यालयमा निम्न माध्यमिक तहसम्म अध्ययन गरेका न्यौपानेले भारतको हिमाचल प्रदेश बोर्ड अफ स्कूल एजुकेशनबाट आईएसम्म अध्ययन गरेका छन् ।

घरको कमजोर आर्थिक अवस्थाका कारण १४ वर्षको उमेरमै भारतमा रोजगारीको खोजीमा गएका न्यौपानेले हरियाणा राज्य विद्युत् बोर्डमा ९ वर्ष काम गरे । सामाजिक असमानता, वर्गीय विभेद भोगेका न्यौपाने भारतमा रोजगारीकै सिलसिलामा कम्युनिष्ट विचारधाराप्रति आकर्षित भएका थिए । २०३४ सालदेखि तत्कालीन चौथो महाधिवेशन (चौम) को पार्टी सदस्यता लिएर राजनीतिमा प्रवेश गरेका न्यौपाने २०३६ देखि नेकपा मसाल, पानीपथ जिल्ला (भारत) सचिव, २०४० देखि भारत शाखा सदस्य, २०४२-२०४४सम्म सेती-महाकाली-भेरी-कर्णाली क्षेत्रीय ब्युरो सदस्य,२०४५-२०४७ सम्म लुम्बिनी क्षेत्रीय ब्युरो सदस्य भएर काम गरे ।

संयुक्त जनमोर्चा नेपालको केन्द्रीय सदस्य तथा कपिलवस्तु जिल्ला अध्यक्ष र अखिल नेपाल किसान संघको केन्द्रीय सदस्य समेत भएर काम गरेका न्यौपाने २०४८-२०५१ सम्म नेकपा एकता केन्द्र, लुम्बिनी-नारायणी क्षेत्रीय ब्युरो सदस्य,२०५२-२०६३ सम्म नेकपा माओवादी रूपन्देही जिल्ला सचिव, गण्डक ब्युरो कार्यालय सचिव र नवलपरासी इञ्चार्ज भएर काम गरे ।

२०६४-२०६९ सम्म नेकपा माओवादी रूपन्देही जिल्ला इञ्चार्ज,२०७०-२०७५ सम्म माओवादी केन्द्रीय सदस्य तथा पोलिटब्युरो सदस्य, २०७५-२०७८ सम्म एमाले-माओवादी एकतापश्चात् नेकपा केन्द्रीय सदस्य, २०७८ देखि नेकपा एमाले केन्द्रीय पोलिटब्युरो सदस्य र २०८२मा नेकपा एमाले ११औं महाधिवेशनबाट केन्द्रीय सदस्यमा निर्वाचित छन् । वि.सं. २०४५ साल फागुनमा राजनीतिक आन्दोलनका क्रममा गिरफ्तार भई १ महिना हिरासत र ६ महिना कारागार बसेका न्यौपाने २०६८ मा नेपाल खानेपानी संस्थान, केन्द्रीय अध्यक्ष, २०७४ मा रूपन्देही क्षेत्र नं. १ (ख) बाट प्रदेशसभा सदस्य निर्वाचित भए । प्रदेश सभाको अर्थ-उद्योग-पर्यटन समितिको सभापति भएर काम गरेका न्यौपाने २०७९ को प्रदेशसभा सदस्य चुनावमा भने पराजित भए । २०७९ मा नेकपा एमालेका लिला गिरी नेतृत्वको करिब चार महिना छोटो सरकारको पालामा न्यौपाने मुख्यमन्त्री गिरीका प्रमुख राजनीतिक सल्लाहकार नियुक्त भएर काम गरे ।

लामो राजनीतिक संघर्षबाट खारिएको सरल र इमान्दार नेताको छवि बनाएका न्यौपाने प्रदेशसभा सदस्यको अनुभवपछि अहिले संघीय संसदमा प्रवेश गर्ने लक्ष्यसहित प्रतिनिधिसभा सदस्यको उम्मेदवार छन् । सूचना प्रविधिको प्रयोग र सामाजिक सञ्जालमा युवा उम्मेदवार जस्तो पोख्त हुन नसक्नु न्यौपानेको कमजोर पक्ष हो । यसअघि एमालेकै छविलाल विश्वकर्माले लगातार जित्दै आएको यो क्षेत्रमा यसपटक न्यौपानेले नेपाली कांग्रेसका हिरा केसी, रास्वपाका सुनिल लम्साल, राप्रपाका प्रज्ज्वल बोहरा, नेकपाका घनश्याम यादवलगायतसँग प्रतिस्पर्धा गर्नुपर्नेछ । सांसदको भूमिकामा पुगेपछि वर्षौंदेखि समाधान हुन नसकेको लाखौं अव्यवस्थित बसोवासी, भूमिहीन सुकुम्बासी समस्या समाधान, सहकारी पीडितको रकम फिर्ता र ठगीमा संलग्नलाई कारबाही, राष्ट्रियताको संरक्षणका पक्षमा स्पष्ट ऐन कानुन निर्माणलाई पहिलो प्राथमिकता दिने न्यौपानेको प्रतिबद्धता छ । निर्वाचन क्षेत्रको सन्दर्भमा बुद्ध मावली देवदहलाई लुम्बिनी, तिलौराकोट र रामग्रामसँग जोड्ने तथा देवदहमा निर्माण हुने लुम्बिनी बौद्ध विश्वविद्यालयमार्फत् पर्यटकीय नगरका रूपमा विकास गर्ने, दक्षिणी क्षेत्रलाई औद्योगिक हब बनाउने तथा शिक्षा, स्वास्थ्य र रोजगारी न्यौपानेका प्राथमिकतामा छन् । २०७९ को निर्वाचनमा एमालेका छविललाल विश्वकर्माले २४ हजार ८८२ मत पाएर विजयी हुँदा कांग्रेस र तत्कालीन माओवादी केन्द्रको समर्थनमा स्वतन्त्र उम्मेदवारी दिएका घनश्याम भुसालले २१ हजार ३१८ मत, राष्ट्रिय स्वतन्त्र पार्टीका नरेशबहादुर पछाई क्षेत्रीले १४ हजार १४५, नागरिक उन्मुक्ति पार्टीका धनीराम चौधरीले १३ हजार ९६२, एमाले छाडेर स्वतन्त्र उम्मेदवार बनेका टिकाराम चापागाईंले ३ हजार ४८९, स्वतन्त्र उम्मेदवार मातृकाप्रसाद यादवले १७ सय १३ मत, राष्ट्रिय जनमुक्ति पार्टीले १३ सय ९७ मत, हाम्रो नेपाली पार्टीका विशाल बास्कोटाले एकहजार ९७ मत पाएका थिए । यसपटक यो क्षेत्रमा १ लाख ४६ हजार ८ सय २४ जना मतदाता छन् ।

### हिराबहादुर खत्री (कांग्रेस): दुग्ध उद्यम, मेयर हुँदै संसदतर्फ

२०२९ सालमा रूपन्देहीको देवदह भलूहीमा किसान परिवारमा जन्मेका हिरा केसी अहिले पनि सोही ठाउँका स्थायी बासिन्दा हुन् । कृषि र पशुपालन, दूध उत्पादन तथा बिक्रीको व्यवसायमा लामो संघर्षबाट माथि उठेका केसीले देवदहकै सरकारी विद्यालयबाट एसएलसीसम्मको अध्ययन पूरा गरेका छन् । सानै उमेरदेखि दूध बिक्री गर्न बुटवल र सुनवलसम्म जानुपर्ने घरायसी बाध्यताले केसीले औपचारिकरूपमा उच्च शिक्षा पढ्न पाएनन् । सानै उमेरमा उनी बुटवल धागो कारखानाका मजदुर, सीताराम गोकुल मिल्कमा दूध संकलन गर्ने कर्मचारी र स्याङ्जामा पेट्रोल पम्पमा कर्मचारी भएर काम गरे ।

२०४६ साल चैत २६को जनआन्दोलनमा बुटवलमा गोली चल्दा प्रत्यक्षदर्शी केसी जनआन्दोलनको सफलतापछि बुटवलमा आयोजित विजय जुलुसमा पनि सहभागी भए । किशोर अवस्थाका केसीलाई देवदहकै कांग्रेस नेता गुरुप्रसाद पराजुलीले चार तारे झण्डा र रूखसहितको भोटो लगाइदिएपछि उनी अनायासै नेपाली कांग्रेस बनेको स्मरण गर्छन् । नेपाल विद्यार्थी संघ देवदहको सचिवबाट विद्यार्थी राजनीति सुरु गरेका केसी केही वर्षपछि नेपाल तरूण दल रूपन्देहीको पहिलो अधिवेशनबाट देवदह गाउँ समिति अध्यक्ष बने । २०५४ सालतिर तरूण दलकै रूपन्देही १ को क्षेत्रीय सभापति भए । तरूण दलमा जिल्ला सदस्य र केन्द्रीय महाधिवेशन प्रतिनिधिसम्म भएर काम गरेका केसी नेपाली कांग्रेसको १२औं महाधिवेशनदेखि पार्टीको जिल्ला सदस्यमा चुनाव लडेर निर्वाचित भए र सचिवमा मनोनित भए । १३औं र १४औं महाधिवेशनमा पनि उनी लगातार क्षेत्रीय सभापति निर्वाचित भए ।

२०७४ को स्थानीय तह निर्वाचनमा एमाले र माओवादी मिलेर बनेको तत्कालीन नेकपाका उम्मेदवारलाई पराजित गरी केसी नगरप्रमुखमा निर्वाचित भए । २०७९ मा पनि नगर प्रमुखमा उम्मेदवार भए पनि पराजित भए । लामो समय पार्टी सभापति शेरबहादुर देउवा पक्षमा रहँदै आएका केसी जेन जी विद्रोहपछि गगन थापा-विश्वप्रकाश शर्माहरूको पक्षमा उभिए । जेनजी आन्दोलनको मर्म र भावना अनुसार पार्टी पुनर्गठन, नेतृत्वमा पुस्तान्तरण हुनुपर्ने गगन-विश्वहरूको मागलाई केसीले साथ दिएर विशेष महाधिवेशनमा सहभागी भए ।

राजनीति गर्नेहरू कुनै न कुनै उद्यम-व्यवसायमा लागेर आत्मनिर्भर हुनुपर्ने र मात्र नेताहरू सुशासनयुक्त राजनीति गर्न सक्छन् भन्ने मान्यता राख्ने केसीले डेरी व्यवसाय, टेक्टर आयात र बिक्री, रेमिट्यान्स, व्यवसायिक कृषि जस्ता व्यवसायमा आबद्ध भएर सय जना बढीलाई प्रत्यक्ष रोजगारी दिएका छन् ।

कृषिमा मुलुकलाई आत्मनिर्भर बनाउन सके मात्र त्यसका आधारमा औद्योगिक विकास र रोजगारी सिर्जना गर्न सकिने भएकाले राज्यले कृषिको व्यवसायिकरण र औद्योगिकरणलाई प्राथमिकतामा राख्नुपर्ने केसीको ठम्याई छ । पहिलोपटक प्रतिनिधिसभा सदस्य उम्मेदवार बनेका केसीले सांसदको मुख्य जिम्मेवारी विकास निर्माण गर्नेभन्दा पनि राष्ट्र र नागरिकका हितमा राम्रा कानुन र नीति निर्माण गर्ने हो भन्ने कुरा मतदाताले पनि बुझ्नुपर्ने आग्रह गर्छन् । सांसदले एउटा क्षेत्रको मात्र नभई समग्र देशको सन्तुलित विकास, नागरिकका पक्षमा राम्रा कानुन बनाएर भ्रष्टाचार नियन्त्रण, सुशासन कायम, गुणस्तरीय शिक्षा र स्वास्थ्य, रोजगारी सिर्जना कसरी गर्न सकिन्छ भनेर सोही अनुरूपमा कानुन र नीति बनाउन केन्द्रित हुन मतदाताले नै सांसदलाई दबाब दिनुपर्ने केसीको आग्रह छ । जनप्रतिनिधिलाई भ्रष्ट नहुन, पारदर्शी हुन मतदाताले खबरदारी गर्नुपर्ने केसीको सुझाव छ । नागरिकका आवश्यकताअनुसार विकास निर्माण तीन तहका सरकारका नियमित काम भएको केसी बताउँछन् । रूपन्देही १ मा भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीको समस्या समाधान, बुद्ध मावली देवदह र रोहिणी नदीलाई आधार बनाएर पर्यटन विकास, जेनजी आन्दोलनको म्याण्डेटअनुसार संविधान संशोधन, सरकारी कामकाजमा हुने ढिलासुस्ती र भ्रष्टाचार अन्त्य गर्न प्रभावकारी भूमिका खेलेर युवा आक्रोश अन्त्य गरी उनीहरूमा आशा जगाउन सांसदका रूपमा आफ्नो प्रमुख काम हुने केसीको प्रतिबद्धता छ ।

### प्रज्ज्वल बोहरा (राप्रपा) : बुबाको विरासत थाम्न राजनीतिमा

२०३३ सालमा रूपन्देहीको भैरहवामा जन्मेका प्रज्ज्वल बोहरा सिद्धार्थनगर नगरपालिका ३ का स्थायी बासिन्दा हुन् । राप्रपा नेता एवं पूर्व मन्त्री स्वर्गीय दीपक बोहराका कान्छा छोरा प्रज्ज्वलले भारतको दिल्लीबाट एसएलसी र अमेरिकाबाट कम्प्युटर साइन्समा स्नातक गरेका छन् ।

राजनीतिक परिवारका प्रज्ज्वल बुबा दीपक बोहराका महत्वपूर्ण राजनीतिक गतिविधिमा पृष्ठभूमिबाट साथ दिँदै पढाइ सकेलगत्तै सूचना प्रविधि व्यवसायमा संलग्न रहे । सर्भिङ माइण्ड कम्पनीमार्फत् नेपालको पहिलो कल सेन्टर सञ्चालन गरेका उनले सफ्टवेयर र वेबसाइट निर्माणका काम गरे । स्मार्ट च्वाइस कम्पनीमार्फत नेपालमै पहिलोपटक एटीएम र डेबिट कार्डमार्फत् बैंकिङ क्षेत्रमा डिजिटल पेमेन्ट सुरुवात गराएका उनको कम्पनीले कुनै समय एटीएम र डेबिट कार्डको ७० प्रतिशत हिस्सा ओगटेर डिजिटल पेमेन्टमा क्रान्ति नै ल्याएको बोहराको दाबी छ ।

डिजिटल बैंकिङ कारोबारकै लागि नेपाल क्लियरिङ हाउस कम्पनी पनि बोहराकै अगुवाइमा सञ्चालनमा आएको थियो । चेकमार्फत् कारोबार गर्दा भुक्तानी हुन झण्डै एक हप्ता समय लाग्ने झन्झटिलो अवस्थालाई बोहराकै कम्पनीले विकास गरेको सफ्टवेयरका माध्यमले बढीमा दुई दिनमा खातामा रकम आइपुग्ने अवस्था बन्यो । बोहराकै अर्को आईटी कम्पनी फिनटेक सोलुसनले विदेशका बैंकका लागि समेत सफ्टवेयर बनाउने काम गऱ्यो । उक्त कम्पनीको सफ्टवेयर बंगलादेशको सरकारी बैंकहरूमा लागू भएको 'लंका पे' मार्फत त्यहांको ६० प्रतिशत हिस्सा ओगट्न सफल भएको थियो । नेपाली आईटी कम्पनीको सफ्टवेयरलाई विदेशी मुलुकले आफ्नो सरकारी बैंकहरूमा प्रयोगमा ल्याउनु अन्तर्राष्ट्रियस्तरमा नेपाको आइटी क्षेत्रको उपस्थिति र विश्वसनीय पुष्टी गरेको निकै ठूलो उपलब्धी भएको प्रज्ज्वलको तर्क छ ।

» *बाँकी ३ पेजमा*

# खेलाडीसँग विष्णुले भने : मैले छुट्याएको बजेट रद्द हुन्न




बुटवल । पूर्वउपप्रधान तथा अर्थमन्त्री एवं नेकपा एमालेका उपाध्यक्ष विष्णुप्रसाद पौडेलले चालु आर्थिक वर्षका लागि विनियोजित बजेट कार्यान्वयन हुने दाबी गरेका छन् ।

मन्त्रिपरिषद् निर्णयका आधारमा संसदमा प्रस्तुत भई पारित भएको बजेट कार्यान्वयनमा आउने भन्दै उनले रूपन्देही क्षेत्रका विकास आयोजनाका लागि छुट्याइएको रकम रोकिने नभई कार्यान्वयनमा जाने स्पष्ट पारे । "यो सरकारले बजेट रद्द गरेको होइन, होल्ड गरेको हो । होल्ड गरिएको निर्णय छिट्टै खुला हुन्छ ।"-उनले भने ।

बुधबार बुटवलमा आयोजना गरिएको 'खेलाडीसँग विष्णुप्रसाद पौडेल' कार्यक्रमलाई सम्बोधन गर्दै रूपन्देही क्षेत्र नम्बर २ का उम्मेदवार पौडेलले रूपन्देहीमा उपयुक्त स्थान पहिचान गरी अन्तर्राष्ट्रियस्तरको स्टेडियम निर्माण गर्ने, जिल्लालाई 'स्पोर्ट्स हब' का रूपमा विकास गर्ने र खेल पर्यटनमार्फत् रोजगारी तथा स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउने योजना रहेको बताए ।

उनका अनुसार सिद्धार्थ क्रिकेट रंगशालाको बाँकी काम सम्पन्न गर्ने, निजी क्षेत्रले निर्माण गरेको एक्स्ट्रा टेक ओभेल क्रिकेट मैदानमा सहजीकरण गर्ने तथा उजिरसिंह रंगशालाको निर्माण कार्य अघि बढाइनेछ । "रूपन्देहीलाई नयाँ मानक बनाउने लक्ष्य लिएका छौं ।"- उनले भने । शिक्षा, स्वास्थ्य र पूर्वाधार विकासका कारण रूपन्देही चिनिएको उल्लेख गर्दै उनले खेल क्षेत्रलाई सीप विकास, रोजगारी र राष्ट्रिय अर्थतन्त्रसँग जोड्नुपर्ने आवश्यकता औंल्याए । खेल क्षेत्रले राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिन सक्ने उनको भनाइ थियो ।

उजिरसिंह रंगशालाको निर्माणमा ढिलाइ भएको विषयमा चासो बढेको स्वीकार गर्दै उनले जग्गा प्राप्तिमा भएको ढिलाइ र वातावरणीय अध्ययनसम्बन्धी प्रक्रिया ईआईए र आईईई झन्झटिलो हुँदा काम प्रभावित भएको बताए । एकपटक सम्पन्न भइसकेको इआईए पुनः गर्नुपर्ने अवस्था आएपछि प्रक्रिया लम्बिएको उनले स्पष्ट पारे । पौडेलले प्रदेशको गौरव आयोजनाका रूपमा रहेको उक्त रंगशालाका लागि बजेट सुनिश्चित भइसकेको भन्दै बाँकी प्रक्रिया पूरा गरी छिट्टै काम अघि बढाइने तयारी रहेको जानकारी दिए ।

"कुनै पनि समस्याको समाधान निराशा होइन," उनले भने- "प्रतिकूलता र अवरोधलाई सकारात्मक सोचका साथ समाधान गर्नुपर्छ ।"

यसैबिच खेलाडी र जनप्रतिनिधिबिच समन्वयका लागि पूर्व राष्ट्रिय क्रिकेटर शक्ति गौचनलाई सहजीकरणको भूमिकामा अघि सार्ने प्रस्ताव पनि उनले राखे । सबै खेलका खेलाडीसँग संवाद, समस्या संकलन र समाधानका लागि जनप्रतिनिधिसँग सहकार्य गर्दै कार्यान्वयनसम्म लैजाने संवाद सुत्रका रूपमा गौचनलाई भूमिका दिने उनले बताए ।




दैनिक लुम्बिनी

## सम्पादकीय

# मतदाताको अवमूल्यन

मतदाता भनेका चुनावमा प्रयोग हुने औजार मात्रै होइनन्, यी त सचेत नागरिक हुन् । उनीहरुले नै हो, राजनैतिक दल र उम्मेदवारको भविष्य निर्धारण गर्ने । अझ मतदाताको सुझबुझले नै उम्मेदवारको छनौट हुन्छ । मतदाताले विवेक प्रयोग गरे भने राम्रो उम्मेदवारले चुनावमा जित हासिल गर्छ । मतदाताले विवेक प्रयोग गर्न सकेनन् भने चुनावबाट गलत व्यक्ति नेतृत्वमा पुग्छ, त्यसको मुल्य मुलुक र व्यवस्थाले चुकाउँछ । फागुन २१ गते चुनाव हुन गइरहेको अवस्थामा मतदातालाई विवेक प्रयोग गर्न राजनैतिक दलले प्रेरित गर्नुपर्छ । मतदातालाई विवेक प्रयोग गर्न अग्रसर गराउनुको साटो भावनात्मक ब्यालकमेलिङको काम भइरहेको छ ।

जब राजनैतिक दलहरु मतदातालाई भावनामा कुदाँउछन्, त्यो बेला मुलुक, व्यवस्था र स्वंय राजनैतिक दलका लागि राम्रो हुँदैन । अहिले दलहरुले भ्रष्टाचार नियन्त्रण तथा सुशासनलाई प्रमुख एजेन्डाको रूपमा अघि सारेका छन् । तर भ्रष्टाचार नियन्त्रण र सुशासनलाई बल पुग्ने गरी चुनावमा प्रचार अभियान अघि बढाएको पाइदैन । खासगरी अरु दललाई पूराना र आफूलाई नयाँ दाबी गर्ने राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने लगायतका नेताहरुले गरेका भाषण ऐजेण्डा विपरीत छन् । ती गैरजिम्मेवार अभिव्यक्ति पनि हुन् । रविले भनेका छन्-अरु दल र उम्मेदवारले पैसा दिए लिनुहोला, मत चाही रास्वपालाई दिनुहोला । मासु भात दिए खानुहोला, मत घण्टीमा दिनुहोला ।

रास्वपालाई मात्रै ठिक देख्ने रविको भनाई यस अर्थमा गलत छ कि मतदातालाई गलत गर्न उक्साएर मत मागेका छन् । पैसा, मासु भात खाऊ तर भोट रास्वपालाई देऊ भनेर मतदाताको भावनामाथि खेलवाड हो । सुशासनको कुरा गर्नेले पैसा, मासु र भात खाऊ भन्न मिल्दैन् । उनले यस्ता गैरजिम्मेवार अभिव्यक्ति निरन्तर दिइरहेका छन् । मासु, भात र पैसा कसैले दिए फिर्ता गर्नुस्, त्यसमा मत नदिनुस् तपाईंको एक मत पैसामा नबेच्नुस् भन्नुपर्नेमा पैसा खानुस्, मासु भात खानुस्, तर मत रास्वपालाई दिनुस् भनेर सुशासनको धज्जी उडाएका छन् । नेताहरुका यस्ता अभिव्यक्तिले समाजलाई गलत दिशातिर लैजान्छ ।

म्तदाता सार्वभौम नागरिक हुन् । उनीहरुको मत कसैको मासु, भात र पैसामा बन्दकी बन्ने होइन् । कसैको मासु भात खाएर कसैलाई दिने भन्ने विषय झनै राम्रो होइन् । मासु भात र पैसाको विषय नै चुनावमा निस्तेज पार्नुपर्छ । अरु राजनैतिक दललाई बदनाम गर्न रविले यो विषय उठाएका हुन् भने उनको यो शैली झनै गलत छ । मतदाताको मतको अवमुल्यन गर्ने अधिकार कसैलाई छैन । के मतदाता अहिलेसम्म मासुभातमा बिक्दै आएका हुन् ? त्यसो भनेर मतदाताको अवमूल्यन गर्ने छुट कसैलाई छैन । मतदातालाई आर्थिक लेनदेन नगर्न र मतको सही प्रयोग गर्न आग्रह गर्नु नै नेताको सही मार्ग निर्देश हो ।

# नेप्सेमा दोहोरो अङ्कको वृद्धि



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बुधबार १० दशमलव ३० अङ्कले बढेर दुई हजार ६४८ दशमलव ९० विन्दुमा कायम भएको छ ।

३३३ कम्पनीको एक करोड चार लाख ५६ हजार ९८० कित्ता शेयर ४८ हजार ६४० पटक खरिदबिक्री हुँदा रु चार अर्ब ४५ करोड ११ लाख ४९ हजार ८० बराबरको कारोबार भएको छ । कारोबारमा वित्त समूह शून्य दशमलव २८, म्युचुअल फन्ड शून्य दशमलव ०२ र व्यापार समूह शून्य दशमलव ०.८९ प्रतिशतले घटेको छ भने अन्य सबै समूहका उपसूचक बढेका छन् ।

बैंकिङ समूह शून्य दशमलव २२, विकास बैंक शून्य दशमलव २१, होटल तथा पर्यटन शून्य दशमलव ४७, जलविद्युत् शून्य दशमलव ३९, लगानी शून्य दशमलव ३०, जीवन बिमा एक दशमलव ७९, उत्पादन तथा प्रशोधन शून्य दशमलव ८३, लघुवित्त शून्य दशमलव १५, निर्जीवन बिमा शून्य दशमलव १९ र अन्य समूह शून्य दशमलव ३५ अङ्कले बढेको छ ।

कारोबारमा सलपा विकास बैंक लिमिटेड र रिलायन्स स्पिनिङ मिल्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा हिमालयन पावर पार्टनर लिमिटेडको शेयर मूल्य पाँच दशमलव ९८ प्रतिशतले घटेको छ ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै आँखुखोला जलविद्युत् कम्पनी लिमिटेडको रु २८ करोड ६९ लाख १९ हजार २७५ बराबरको आठ लाख तीन हजार ६१० कित्ता शेयर किनबेच भएको नेप्सेले जनाएको छ ।

# निर्वाचन: लोकतन्त्रको महायज्ञ !



रश्मिशेखर सुवेदी

निर्वाचनलाई दुषित महासङ्ग्राम होइन, पवित्र महायज्ञको रूपमा स्वीकार गरौँ । असहमति राखौँ, तर असभ्य नबनौँ । कडा आलोचना गरौँ, तर तथ्यमा आधारित होऔँ । जितका लागि प्रयास गरौँ, तर मर्यादा नछोडौँ । विचार र व्यक्तित्वको स्वस्थ प्रतिस्पर्धाबाटै राष्ट्रको भविष्य सुरक्षित हुन्छ । यही बाटोबाट मात्र लोकतन्त्रप्रतिको सच्चा सम्मान प्रकट हुन्छ र यही बाटोबाट मात्र देश बचाउने र बनाउने साझा अभियान सफल हुन्छ ।

निर्वाचन युद्ध होइन, जहाँ पराजितलाई परास्त शत्रु ठानियोस्; निर्वाचन त्यो पवित्र महायज्ञ हो, जहाँ हरेक प्रतिस्पर्धीहरू पनि राष्ट्र निर्माणका सहयात्री हुन्छन् । मतपत्र हतियार होइन, विश्वासको दस्ताबेज हो । जनमत विजयको ट्रफी होइन, जिम्मेवारीको शपथ हो । यदि हामीले चुनावलाई क्रोध, प्रतिशोध र विभाजनको रणभूमि बनायौँ भने लोकतन्त्रको आत्मा कमजोर हुन्छ; तर यदि यसलाई मर्यादा, विचार, व्यक्तित्व र प्रतिबद्धताको महायज्ञ बनायौँ भने राष्ट्र बलियो हुन्छ । त्यसैले आजको मूल प्रश्न जित-हारको होइन, राजनीतिक संस्कारको हो ।

नेपालले लामो संघर्षपछि प्राप्त गरेको लोकतान्त्रिक व्यवस्था सहज उपहार होइन । जनआन्दोलन २०४६ र जनआन्दोलन २०६२/०६३ ले निरंकुश प्रवृत्तिमाथि जनमतको सर्वोच्चता स्थापित गरेका ऐतिहासिक अध्याय हो । ती आन्दोलनहरूले हामीलाई एउटा मूल पाठ सिकाएका थिए- 'जनताको मत नै अन्तिम निर्णायक शक्ति हो ।' तर विडम्बना, आज निर्वाचनका बेला जनतालाई नै विभाजित, उत्तेजित र दिग्भ्रमित बनाउने प्रवृत्ति बढ्दो छ । यो प्रवृत्ति लोकतन्त्रको आत्मासँग मेल खाँदैन ।

निर्वाचनलाई 'महासङ्ग्राम' सोचियो भने प्रतिस्पर्धा युद्धको रूपमा चित्रित हुन्छ । जब चुनाव युद्धजस्तै बनाइन्छ, तब प्रतिद्वन्द्वीलाई शत्रुजस्तै देखिन थाल्छ । परिणामस्वरूप विचारभन्दा व्यक्ति आक्रमणको केन्द्र बन्छ, नीतिभन्दा नारा हावी हुन्छ, र कार्यक्रमभन्दा प्रचार-कौशल निर्णायक बन्न पुग्छ । यसरी लोकतान्त्रिक विमर्श कमजोर हुन्छ । जबकि लोकतन्त्रमा प्रतिस्पर्धी दल र उम्मेदवारहरू शत्रु होइनन्; उनीहरू फरक दृष्टिकोणका प्रतिनिधि मात्र हुन् । भोलि सरकार र प्रतिपक्ष दुवै लोकतान्त्रिक संरचनाका अपरिहार्य स्तम्भ हुन् ।

महायज्ञको भावार्थ त्याग, अनुशासन र साझा हितसँग जोडिएको हुन्छ । यज्ञमा सहभागी हुने सबै पक्षले मर्यादा र विधि पालन गर्छन् । निर्वाचन पनि त्यस्तै सामूहिक संकल्प हो, जसमा मतदाता, उम्मेदवार, राजनीतिक दल, सञ्चारमाध्यम र राज्यका निकायहरु सबैले आफ्नो आचरणमा सुधार ल्याउनुपर्ने हुन्छ । यदि कुनै एक पक्षले मर्यादा तोड्यो भने सम्पूर्ण प्रक्रियाको विश्वसनीयता प्रभावित हुन्छ ।

यस सन्दर्भमा राजनीतिक संस्कारको प्रश्न केन्द्रीय बन्छ । निर्वाचन मर्यादित बनाउने कुरा केवल एकपटकको आह्वान होइन; यो दीर्घकालीन राजनीतिक संस्कृति निर्माणको अभियान हो । हामीले भाषाशैली सुधार्नु, असहमतिको सम्मान गर्नु र तथ्यमा आधारित बहसको अभ्यास गर्नु भनेको भविष्यका लागि स्वस्थ लोकतान्त्रिक वातावरण तयार गर्नु हो । आज बोली र व्यवहारमा देखिएको असभ्यता भोलिको राजनीतिक संस्कृतिको आधार बन्न सक्छ । त्यसैले चुनावको क्षणिक लाभभन्दा दीर्घकालीन लोकतान्त्रिक स्थायित्वलाई प्राथमिकता दिनुपर्छ ।

युवापुस्ताको भूमिका यहाँ निर्णायक छ । आजको निर्वाचन केवल दलहरूको प्रतिस्पर्धा होइन; यो पुस्तागत चेतनाको पनि परीक्षा हो। सामाजिक सञ्जालले विचार प्रवाहको दायरा फराकिलो बनाएको छ, तर त्यही माध्यम घृणा, अफवाह र चरित्रहत्या फैलाउने उपकरण पनि बनिरहेको अवस्था छ । युवा पुस्ताले यदि तथ्य, तर्क र सभ्य विमर्शलाई प्राथमिकता दियो भने निर्वाचन संस्कृति स्वाभाविक रूपमा मर्यादित बन्छ । पुराना पुस्ताले दम्भ त्याग र नयाँ पुस्ताले राजनीति सुधार्नुपर्छ भन्ने विश्वास व्यवहारमा उतार्ने समय यही हो ।

त्यस्तै, निर्वाचनपछिको व्यवहार पनि उत्तिकै महत्वपूर्ण छ । लोकतन्त्रमा जित स्थायी अधिकार होइन, अस्थायी जनादेश हो । जित्नेले विनम्रता र उत्तरदायित्व देखाउनुपर्छ; हार्नेले गरिमा र संयम । परिणाम स्वीकार गर्ने संस्कार कमजोर भयो भने लोकतान्त्रिक संस्थामाथिको विश्वास पनि कमजोर हुन्छ । चुनावपछि पनि समाज एउटै रहन्छ, राष्ट्र एउटै रहन्छ । त्यसैले प्रतिस्पर्धाको तापक्रम परिणामसँगै शान्त हुनुपर्छ ।

राजनीतिक दलभित्रको आन्तरिक लोकतन्त्र अर्को महत्वपूर्ण आयाम हो । यदि दलभित्रै पारदर्शी र योग्यतामूलक प्रक्रिया अपनाइएन भने बाह्य निर्वाचन कति नै निष्पक्ष देखिए पनि त्यसको नैतिक आधार कमजोर हुन्छ । उम्मेदवार छनोटमा पारदर्शिता, विचारधारात्मक स्पष्टता र संस्थागत अनुशासन कायम भयो भने जनताले पनि प्रतिस्पर्धालाई विश्वासका साथ हेर्न सक्छन् । बाह्य लोकतन्त्रको सुदृढीकरण आन्तरिक लोकतन्त्रबाटै सुरु हुन्छ ।

नेपाल अहिले जटिल भूराजनीतिक परिवेश, आर्थिक चुनौती र जनअपेक्षाको चापबिच उभिएको छ । यस्तो अवस्थामा निर्वाचनलाई वैमनस्यताको अखडा बनाउनु राष्ट्रका लागि घातक हुन्छ । हामीले संघर्षबाट प्राप्त गरेको संघीय लोकतान्त्रिक गणतन्त्र अब परिपक्व अभ्यासको चरणमा प्रवेश गर्नुपर्छ । राजनीतिक संक्रमणको अध्यायपछि अब राजनीतिक संस्कारको अध्याय सुरु हुनुपर्छ । यही संक्रमणको घडीमा निर्वाचनलाई मर्यादित बनाउन सकियो भने लोकतन्त्रको गुणात्मक उन्नयन सम्भव हुन्छ ।

अन्ततः, निर्वाचन केवल मत परीक्षणको प्रक्रिया मात्र होइन; यो विश्वास निर्माणको प्रक्रिया हो । चुनाव जित्नु वा हार्नु अस्थायी घटना हो, तर जनविश्वास जित्नु दीर्घकालीन पूँजी हो । विगतका ढाँट, चरित्र र अवसरवादबाट मुक्त भई सत्य, पारदर्शिता र प्रतिबद्धताको आधारमा प्रतिस्पर्धा गर्ने साहस नै आजको आवश्यकता हो ।

नेपालको सबैभन्दा पुरानो र ठूलो परिवर्तित पार्टी नेपाली काङ्ग्रेस भन्दैछ- 'कसैलाई गाली नगर, जनसमक्ष आफ्नो कुरा राख, अरुको आलोचनामा समय खर्च नगर, अरुलाई होच्याएर आफू अग्लिने कोशिश नगर, उचाइ नाप्ने यन्त्र विचार, विवेक र आचरण हो, दम्भ होइन ।'

त्यसैले आऊँ - निर्वाचनलाई दुषित महासङ्ग्राम होइन, पवित्र महायज्ञको रूपमा स्वीकार गरौँ । असहमति राखौँ, तर असभ्य नबनौँ। कडा आलोचना गरौँ, तर तथ्यमा आधारित होऔँ । जितका लागि प्रयास गरौँ, तर मर्यादा नछोडौँ । विचार र व्यक्तित्वको स्वस्थ प्रतिस्पर्धाबाटै राष्ट्रको भविष्य सुरक्षित हुन्छ । यही बाटोबाट मात्र लोकतन्त्रप्रतिको सच्चा सम्मान प्रकट हुन्छ र यही बाटोबाट मात्र देश बचाउने र बनाउने साझा अभियान सफल हुन्छ ।

घटना र विचारबाट

# डकार किन आउँछ : यो स्वस्थ हुनुको निशानी हो कि कुनै रोगको संकेत ?

खाना खाएपछि डकार आउनु सामान्य कुरा हो । बुढापाकाहरू भन्छन्, यो पेट भरिएको सङ्केत हो । तर के यो साँचो हो ? आखिर डकार किन आउँछ, के यसको पछाडि शरीरको कुनै सङ्केत लुकेको हुन्छ ?

कहिलेकाहीँ डकार आउनु सामान्य हो, तर बारम्बार वा धेरै डकार आउनु अपच, ग्यास वा एसिडिटी जस्ता समस्याहरूको सङ्केत पनि हुन सक्छ । के यसले हाम्रो स्वास्थ्यको बारेमा केही बताउँछ ?

**डकार किन आउँछ ?**

खाना खाएपछि डकार आउनु एक सामान्य शारीरिक प्रक्रिया हो । जब हामी खान्छौँ वा पिउँछौँ, तब खानासँगै केही हावा पनि पेटमा जान्छ । यो हावाले पेटमा दबाब सिर्जना गर्छ र शरीरले त्यसलाई मुखको बाटो बाहिर निकाल्छ, यसलाई नै डकार भनिन्छ ।

डकारको अर्थ पेट भरिनु होइन, बरु यो पेटमा जम्मा भएको अतिरिक्त हावा बाहिर निस्किएको सङ्केत हो । छिटो-छिटो खानाले, धेरै कुरा गर्दै खानाले, चिसो वा कार्बोनेटेड ड्रिंक्स (कोक, फेन्टा आदि) पिउँदा र चुइगम चपाउँदा डकार आउने सम्भावना बढ्छ ।

यदि डकार धेरै आउँछ, पोल्ने वा दुख्ने समस्यासहित आउँछ भने, यो एसिडिटी वा पाचन समस्याको सङ्केत पनि हुन सक्छ । यस्तो अवस्थामा खानपान र बानीहरूमा ध्यान दिनु आवश्यक हुन्छ ।

**डकार आउने प्रमुख कारणहरू यसप्रकार छन्:**

- यदि खाना खाँदा हावा निलिएको छ भने यो प्रायः हतारमा खाँदा वा कुरा गर्दै खाँदा हुन्छ ।
- कुनै ड्रिंक्स पिउँदा वा चुइगम चपाउँदा पनि हावा भोजन नलीमा जान्छ ।
- यो हावाले पेट र भोजन नलीमा दबाब सिर्जना गर्छ ।
- डकार उक्त हावालाई मुखको बाटो बाहिर निकाल्ने तरिका हो ।

खाना खाएपछि आउने डकारले हाम्रो पेट र पाचनको बारेमा के सङ्केत गर्छ ?

खाना खाएपछि डकार आउनुको अर्थ खाँदा भोजन नलीमा हावा गएको छ भन्ने हो । यसमा चिन्ता लिनुपर्ने कुनै कुरा छैन ।

हल्का डकारको अर्थ पाचन सामान्य छ भन्ने हो, तर बारम्बार डकार, पेट दुख्ने, पोल्ने वा अपचसँगै डकार आएमा यो ग्यास, एसिडिटी वा पाचन सम्बन्धी समस्याको सङ्केत हुन सक्छ । डकारको ढाँचा, खानपानको बानी र अन्य लक्षणहरू मिलाएर मात्र हाम्रो समग्र स्वास्थ्यको अनुमान लगाउन सकिन्छ ।

डकार आउनुको अर्थ शरीरमा विषाक्त पदार्थ जम्मा भएको छ भन्ने बिल्कुल होइन। यो पाचन प्रक्रियाको सामान्य हिस्सा हो । विषाक्त पदार्थहरू शरीरबाट कलेजो, मिर्गौला र पसिनाको माध्यमबाट बाहिर निस्कन्छन्, डकारसँग यसको कुनै सम्बन्ध छैन । त्यसैले डकारलाई कुनै स्वास्थ्य समस्या वा विषाक्त स्तरको सङ्केत मान्नु ठीक होइन ।

**यदि धेरै वा बारम्बार डकार आयो भने यसको अर्थ के हो ?**

यदि धेरै वा बारम्बार डकार आउँछ भने, यो सामान्यतया पेट वा पाचनमा कुनै असुविधाको सङ्केत हुन सक्छ । यसको पछाडि मुख्य कारण ग्यास बन्नु, एसिडिटी, अपच वा धेरै छिटो र धेरै हावा निल्नु हुन सक्छ । कार्बोनेटेड ड्रिंक्स, चुइगम, छिटो-छिटो खाना वा तनावका कारण पनि डकार आउन सक्छ । कहिलेकाहीँ यो पेट वा भोजन नली सुन्निएको वा पाचन समस्याको पनि सङ्केत हुन सक्छ ।

**धेरै डकार आउने कारणहरू:**

- छिटो-छिटो खानाले
- कुरा गर्दै खानाले
- चुइगम चपाउँदा
- कार्बोनेटेड ड्रिंक्स पिउँदा
- मसालेदार भोजनले
- भोजन नलीमा सुजन हुँदा
- पेटमा सुजन हुँदा
- एसिडिटी वा अपचले
- तनाव वा चिन्ताले
- अनियमित खाने बानीले

पेटमा ग्यास बन्ने वा धेरै हावा निल्ने (एरोफेजिया) कारणले हुन्छ । यदि यसको साथ छाती पोल्ने, पेट दुख्ने, सुजन वा अमिलो डकार आउँछ भने यो 'एसिड रिफ्लक्स' जस्ता समस्याको सङ्केत हुन सक्छ ।

के डकारको कलेजो, मिर्गौला वा आन्द्राको स्वास्थ्यसँग कुनै सम्बन्ध छ ?

डकारको कलेजो वा मिर्गौलासँग प्रत्यक्ष कुनै सम्बन्ध छैन । यद्यपि, आन्द्रामा ब्याक्टेरियाको असन्तुलन, खाना सही तरिकाले नपच्ने वा धेरै ग्यास बन्ने कारणले डकार बढ्न सक्छ । कलेजोको काम बाइल बनाएर बोसो पचाउन मद्दत गर्नु हो । त्यसैले कलेजोको कार्यक्षमता प्रभावित हुँदा पनि पाचन गडबड हुन सक्छ ।

अमिलो वा गन्ध आउने डकार कुन कुराको संकेत हो ?

डकार धेरै प्रकारको हुन सक्छ । सबै प्रकार र तिनका स्वास्थ्य सङ्केतहरू हेर्नुहोस्-

- अमिलो डकार : एसिड रिफ्लक्स वा एसिडिटीको सङ्केत हुन सक्छ । मसालेदार, तारेको-भुटेको वा गह्रौं खाना यसको कारण बन्न सक्छ ।
- गन्ध आउने डकार : खराब पाचन वा पेटमा सङ्क्रमणको सङ्केत हुन सक्छ । धेरै प्रोटिन वा बासी खाना खानाले पनि हुन सक्छ ।
- खाए लगत्तै डकार : धेरै खाने वा छिटो खाना खाने बानीको सङ्केत । कमजोर पाचनसँग पनि जोडिएको हुन सक्छ ।
- कुहिएको अण्डा जस्तो गन्ध : पेटमा ब्याक्टेरियल इन्फेक्सन वा फुड पोइजनिङको सङ्केत । केही मामिलामा इरिटेबल बोवेल सिन्ड्रोमसँग जोडिएको हुन सक्छ ।
- खाली पेट डकारः ग्यास्ट्राइटिस वा पेटमा धेरै एसिड बन्ने सङ्केत । लामो समयसम्म भोको रहनाले पनि यस्तो हुन सक्छ ।
- ठुलो आवाज आउने डकारः धेरै हावा निल्नाले वा कार्बोनेटेड ड्रिंक्स पिउँदा हुन सक्छ । चुइगम वा स्ट्रबाट ड्रिंक्स पिउनु पनि कारण बन्न सक्छ ।
- बान्ता जस्तो स्वाद आउने डकारः एसिड रिफ्लक्स वा ग्यास्ट्रोएसोफेजियल रिफ्लक्स डिजिजको सङ्केत हुन सक्छ । यसका साथ छातीमा जलन महसुस हुन सक्छ ।
- गुलियो वा अनौठो स्वादको डकारः सुस्त पाचन वा केही विशेष खानाको प्रतिक्रियासँग जोडिएको हुन सक्छ । पेटमा फर्मेन्टेसन बढ्नाले पनि यस्तो हुन सक्छ ।

एरोफेजिया के हो र यसको डकारसँग के सम्बन्ध छ ?

एरोफेजिया एउटा यस्तो अवस्था हो, जसमा हामी अन्जानमा धेरै हावा निल्छौँ । यो सामान्यतया छिटो खाना खाँदा, धेरै कुरा गर्दै खाँदा, चुइगम चपाउँदा वा कार्बोनेटेड ड्रिंक्स पिउँदा हुन्छ । जब पेटमा अतिरिक्त हावा जम्मा हुन्छ, तब शरीरले त्यसलाई बाहिर निकाल्नका लागि डकार गर्छ ।

त्यसैले एरोफेजिया र डकारको सीधा सम्बन्ध छ । डकार यो अतिरिक्त हावालाई बाहिर निकाल्ने प्राकृतिक तरिका हो । सामान्य रूपमा यो हानिकारक छैन, तर बारम्बार डकार, पेटमा भारीपन वा असुविधा भएमा खाने बानी बदल्नु र डाक्टरको सल्लाह लिनु फाइदाजनक हुन्छ ।

**धेरै डकार आएमा कसरी नियन्त्रण गर्ने ?**

यदि लगातार डकार आइरहेको छ भने तुरुन्त नियन्त्रण गर्न यी सजिला उपायहरू अपनाउनुहोस्-

- ढाड सीधा गरेर बस्नुहोस् वा केही बेर उभिनुहोस्; निहुरिएर बस्दा वा सुत्दा ग्यास माथितिर आउन सक्छ ।
- बिस्तारै मनतातो पानी पिउनाले पेटमा फसेको ग्यास सजिलै निस्कन्छ र डकार कम हुन्छ ।
- ५-१० मिनेट हल्का हिँडडुल गर्नाले पाचन छिटो हुन्छ र ग्यास बन्न बन्द हुन्छ ।
- लामो सास लिएर बिस्तारै छोड्नाले पेटका मांसपेशीहरू रिल्याक्स हुन्छन्, जसले डकार कम गर्न सक्छ ।
- यसबाहेक सौँफ वा ज्वानो चपाउनाले ग्यास र अपचमा राहत मिल्छ ।
- यदि डकारको साथ छाती पोल्ने वा दुख्ने समस्या छ भने डाक्टरको सल्लाह लिनु आवश्यक हुन्छ ।

### साई ग्लोबल कप क्रिकेट:

# नेपथ्य कलेज र न्यू होराइजन फाइनलमा







भैरहवा । ११औं संस्करणको जिल्लास्तरीय अन्तर कलेज साई ग्लोबल कप टी-२० क्रिकेट प्रतियोगितामा नेपथ्य कलेज र न्यू होराइजन कलेज उपाधिका लागि भिड्ने भएको छन् ।

बुधबार भएको सेमिफाइनलमा नेपथ्यले बुटवल कालिका क्याम्पसलाई ३ विकेटले हराउँदै उपाधि भिडन्त पक्का गरेको हो । यस्तै, न्यू होराइजनले प्यारामाउण्टलाई ८ विकेटले पराजित गर्दै फाइनल पुगेको हो ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको पहिलो सेमिफाइनलमा टस हारेर ब्याटिङको निम्तो पाएको बुटवल कालिकाले ८ विकेट गुमाएर ९९ रन बनायो । उसका लागि सन्देश थापाले २१, राज खनालले १६, विशाल भुसालले १५ र रोहित पासवानले १४ रन बनाए ।

बलिङमा नेपथ्य कलेजका सन्दीप यादव र गणेश धितालले २-२ तथा रोशन बस्याल, प्रविण ढकाल र आरिफ अहमदले समान १-१ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको नेपथ्यले ७ विकेट गुमाएर एक सय रन बनाउँदै जित हात पार्यो । उसको जितमा प्रतीक भट्टराईले ३५, सन्दीप यादवले ३४ र लक्ष्मण कुमालले १० रनको योगदान गरे ।

बलिङमा बुटवल कालिकाका विशाल भुसालले ३ र विपिन भट्टराईले १ विकेट लिए । खेलमा सन्दीप यादव प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ प्राप्त गरे ।

यस्तै, दोस्रो सेमिफाइनलमा टस जितेर ब्याटिङ गरेको प्यारामाउण्टले निर्धारित खेलमा सबै विकेट गुमाएर ९९ रन बनायो । उसका लागि सन्देश पन्थीले २९, देव खनाल र सागर भण्डारीले समान १६-१६ तथा तुलबहादुर थापाले १२ रन बनाए । बलिङमा न्यु होराइजनका महेश भर, विप्रसन केसी र अमर मिश्राले २-२ तथा शुभम खनालले १ विकेट हात पारे ।

प्रतिउत्तरमा न्यू होराइजनले १५ ओभर ३ बलमा २ विकेट गुमाएर १ सय २ रन बनाउँदै जित निकाल्यो । उसको जितमा संगम पाण्डेले अविजित ३३, प्रिन्स पालले २९ र अमर मिश्राले १९ रन जोडे । बलिङमा प्यारामाउण्टमा आशुतोष पाण्डेले २ विकेट लिए ।

खेलमा अमर मिश्रा प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ प्राप्त गरे ।

रुपन्देही क्रिकेट संघको आयोजनामा जारी प्रतियोगिताको विजेता टिमले ५५ हजार ५ सय ५५ रुपैयाँ, उपविजेता टीमले नगद २५ हजार ५ सय ५५ रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् ।

यस्तै, म्यान अफ द सिरिजले १० हजार, बेष्ट ब्याटर र बलरले समान ५-५ हजार, प्रत्येक खेलको म्यान अफ द म्याचले एक हजार रुपैयाँ पाउने छन् ।

यस्तै, प्रतियोगिताको अनुशासित टिमलाई पनि सम्मानित गरिने आयोजकले जनाएका छन् ।

# सात हजार ८९७ किशोरीलाई एचपिभी खोप लगाइयो




नेपालगञ्ज। बाँकेमा सात हजार ८९७ जना किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्ध ह्युमन प्यापिलोमा भाइरस (एचपिभी) खोप लगाइएको छ। सतप्रतिसतलाई खोप लगाउने लक्ष्य राखिएकामा यस वर्ष ९२ प्रतिशतलाई लगाइएको हो ।

जिल्ला स्वास्थ्य कार्यालय, बाँकेका जनस्वास्थ्य अधिकृत गोकर्ण गिरीले आठ हजार ५८४ जनालाई खोप लगाउने लक्ष्य राखिएकामा पाठेघरको ९२ प्रतिशतलाई लगाइएको जानकारी दिए। "केही अपवादका रूपमा छुट्नुभएको होला तर हामीले एचपिभी खोप लगाउने कार्य सम्पन्न गरेका छौं।"-उनले भने ।

जनस्वास्थ्य अधिकृत गिरीका अनुसार कोहलपुर नगरपालिकामा एक हजार ७००, खजुरा गाउँपालिकामा एक हजार, जानकी गाउँपालिकामा ६७०, नरैनापुर गाउँपालिकामा ७३१ जनालाई पाठेघरको क्यान्सरविरुद्धको एचपिभी खोप लगाइएको छ । बैजनाथ गाउँपालिकामा ८८१, राप्तीसोनारी गाउँपालिकामा ५८०, नेपालगञ्ज उपमहानगरपालिकामा एक हजार ९०९ र डडुवा गाउँपालिकामा ४२६ जनालाई खोप लगाइएको छ।

सबैभन्दा कम डुडुवा गाउँपालिका ४२६ र सबैभन्दा बढी नेपालगञ्ज उप-महानगरपालिकामा एक हजार ९०९ जनालाई उक्त खोप लगाइएको उनले जानकारी दिए।

जिल्ला स्वास्थ्य कार्यालयका अनुसार जिल्लामा विद्यालय जाने छ हजार ५३१ र विद्यालय नजाने दुई हजार ५३ गरी कूल आठ हजार ५८४ जनालाई एचपिभी खोप लगाइने लक्ष्य राखिएको थियो। कक्षा ६ मा अध्ययन गर्ने छात्रा, विद्यालय नजाने १० वर्षका किशोरी र गत वर्ष सञ्चालित एचपिभी खोपका लागि निर्धारण लक्षित समूहका किशोरी तथा छात्रामध्ये खोप लगाउन छुटेका, हाल कक्षा ७ देखि १० कक्षासम्म अध्ययनरत छात्रा र ११ देखि १४ वर्ष उमेरका किशोरीलाई खोपको लक्षित समूह मानिएको थियो ।

खोपले एचपिभी प्रजाति १६ र १८ को कारणबाट सङ्क्रमण हुने पाठेघरको मुखको क्यान्सर हुनबाट जोगाउने भएकाले यो सुरक्षित र प्रभावकारी रहेको जनस्वास्थ्य अधिकृत गिरीले बताए।

उनका अनुसार नेपालमा औसतमा प्रत्येक दिन पाठेघरको मुखको क्यान्सरका कारण चार जना महिलाको मृत्यु हुने गरेको तथ्याङ्क छ। गत माघ २५ देखि यही फागुन ११ गतेसम्म एचपिभी खोप लगाइएको थियो। गत वर्ष बाँकेमा ३३ हजार ७५९ जनालाई खोप लगाइएको थियो ।

**रुपन्देही...**

२०२९ सालको चुनाव आउनु केही महिनाअघि देखि भने प्रज्ज्वल आईटी व्यवसाय अरूलाई जिम्मा लगाएर आफ्नो बुबा दीपक बोहराको निर्वाचन क्षेत्रमा खटिए। पोष्ट कोभिडका कारण बुबा दीपकको घांटीमा समस्याका कारण स्वास्थ्य पनि कमजोर र बोल्न समेत नसक्ने अवस्थामा प्रज्ज्वलले नै रूपन्देही ३ को चुनावी कमाण्ड सम्हालेर तत्कालीन गृहमन्त्री बालकृष्ण खांणलाई पराजित गर्दै जित निकाले।

बुबाले चुनाव जितेपछि पनि स्वास्थ्यमा सुधार नआएपछि प्रज्ज्वल साढे तीन वर्ष बुबाको प्रतिनिधित्व गर्दै निर्वाचन क्षेत्रमा निरन्तर खटिएर नागरिकका समस्या र गुनासा सुन्ने काम गरे। निर्वाचन क्षेत्रमा पुग्दा मतदाता र नागरिकले दीपक बोहराले समग्र रूपन्देही जिल्लाको विकास निर्माणमा लामो समयदेखि पुऱ्याएको योगदानको चर्चा गर्दै विकासप्रेमी नेताका रूपमा सम्मान व्यक्त गरेको अनुभूति भएपछि आफूलाई बुबाको उत्तराधिकारी भएर राजनीतिमा लाग्न प्रेरणा मिलेको प्रज्ज्वल बताउंछन्।

बुबाको निधनपछि रूपन्देही ३ मा हुने भनिएको उपनिर्वाचनमा पनि प्रज्ज्वल उम्मेदवार सिफारिश भएका थिए। जेन जी विद्रोहपछि फागुन २१ मा तोकिएको निर्वाचनका लागि प्रज्ज्वललाई राप्रपाले रूपन्देही १ मा उम्मेदवार बनाएको छ। सफल आईटी व्यवसायीको रूपमा राष्ट्रिय र अन्तराष्ट्रिय ख्याति कमाएका प्रज्ज्वलले आफ्नो विज्ञतालाई संसदमा पुगेर मुलुकको राष्ट्रियता र स्वाभिमान जोगाउने, भ्रष्टाचारविरूद्ध कडा कानून निर्माण, राष्ट्रको वित्तीय अनुशासन ठीक बनाउने ऐन कानून निर्माण,अधिक कर र राजस्वमुखी नीति परिमार्जन गरी नागरिक-व्यवसायीलाई राहत दिन भूमिका खेल्ने लक्ष्य छ। बैंक, वित्तीय संस्था र सहकारी पीडितका समस्या समाधान,सहकारी ठगी गर्नेलाई कारवाही, शिक्षाको गुणस्तर सुधार गरी अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी,गुणस्तरीय स्वास्थ्य सेवा सरकारको दायित्वमा ल्याउने,अव्यवस्थित बसोबासीलाई जग्गाको स्वामित्व,देवदहलाई लुम्बिनीसंग जोडेर पर्यटन विकास र देवदहमा चारवटा रणनैतिक सडक सञ्जाल निर्माण बोहराका क्षेत्रगत विकासका प्रतिवद्धता छन्। रूपन्देही १ मा गत स्थानीय निर्वाचनमा राप्रपाले १५ हजार बढी मत पाएको आधारमा तेस्रो शक्ति भएको पार्टीको दावी छ। नागरिक उन्मुक्ति पार्टीबाट उम्मेदवार बनेर १३ हजार मत पाएका धनिराम चौधरी हालै मात्र राप्रपा प्रवेश गरेकाले यहां बोहरा थप बलियो हुंदै अरू दललाई दबाव दिएका छन्।

**घनश्याम यादव (नेकपा) : दोस्रो जितको आशमा**

२०२६ सालमा रूपन्देहीको दक्षिणी गाउं रोहिणीमा जन्मेका घनश्याम यादव अहिरको स्थायी बसोबास अहिले पनि रोहिणी गाउंपालिका -५ मै छ। परासीबाट एसएलसी उत्तिर्ण गरेका यादवले भारतमा आईए अध्ययन शुरू गरेपनि पूरा गर्न सकेनन्। २०४२ सालमा नेकपा मसालको भातृ संगठन अखिल छैठौंमा जोडिएका यादव सोही वर्ष पार्टीको जिल्ला सदस्य भए। २०४८ सालमा पार्टीले चुनाव वहिस्कार गर्ने क्रममा पक्राउ परेर जेल परेका यादव २०५१ सालमा राष्ट्रिय जनमोर्चाबाट नवलपरासीमा प्रतिनिधि सभा सदस्यको उम्मेदवार बनेर पराजित भए। नेकपा एमालेको महासचिवमा मदन भण्डारी निर्वाचित भएपछि उनको भाषणकला र नेतृत्व क्षमताबाट प्रभावित भएर यादव नेकपा एमालेमा प्रवेश गरे। २०५६ मा एमालेबाट रूपन्देही १ मा उम्मेदवार बने। तर नेपाली कांग्रेसका दुर्योधनसिंह चौधरी विजयी बन्दा उनी झिनो मतान्तरले दोस्रो भए।

२०५७ सालमा माओवादी प्रवेश गरे। २०५९ सालमा पक्राउ परेर पोखरा जेलमा ६ महिना बढी बसे। सरकारसंग युद्ध विराम भएपछि जेलबाट छुटेर रूपन्देही जिल्ला सचिव भए। २०६४ को संविधान सभा चुनावमा रूपन्देही १ बाट यादव निर्वाचित भए। त्यो बेला रूपन्देहीबाट प्रत्यक्ष चुनाव जित्ने उनी मात्रै थिए। पार्टीमा डा. बाबुराम भट्टराई निकट उनी भट्टराई प्रधानमन्त्री भएका बेला स्थानीय विकास राज्यमन्त्री बने। २०७० को संविधान सभा चुनावमा नवलपरासी २ बाट उम्मेदवार बनेपनि पराजित भए। २०७४ र २०७९ मा भने उनी उम्मेदवार भएनन्। नेकपाका केन्द्रीय सदस्य यादव यसपटक नेपाली कम्युनिष्ट पार्टीबाट उम्मेदवार बनेका छन्।

पार्टीभित्र कुनै दाग नलागेका निष्ठावान, सोझा र इमान्दार नेताको छवि बनाएका यादव लामो समयदेखि आफ्नो निर्वाचन क्षेत्रका मतदातामाझ परिचित र ठूला दलबाट मधेशी समुदायबाट उम्मेदवार नभएकाले उनले दक्षिणी क्षेत्रको मत तान्न सक्ने देखिन्छ। भाषणकलामा पोख्त नहुनु र व्यक्तिगत आर्थिक अवस्था बलियो नहुदा कार्यकर्ता र जनपरिचालनमा भने यादव कमजोर मानिन्छन्।

यादवले भ्रष्टाचारका चर्चित सबै काण्डको छानवीन,प्रशासनिक काममा हुने ढिलासुस्तीको अन्त्य,स्वदेशमै रोजगारी सिर्जना,अव्यवस्थित बसोबासीलाई जग्गाको स्वामित्व दिन संसदमा पुगेर प्राथमिकताका साथ आवाज उठाउने प्रतिवद्धता गरेका छन्। यहां उनले नेकपा एमालेका दधिराम न्यौपाने,नेपाली कांग्रेसका हिरा केसी, रास्वपाका सुनिल लम्साल, राप्रपाका प्रज्ज्वल बोहरालगायतसंग प्रतिस्पर्धा गर्दैछन्।

**सुनिल लम्साल, रास्वपा : पार्टीमा जोडिएको महिना नपुग्दै उम्मेदवार**

२०४७ साल असोजमा स्याङ्जाको बिरूवा गाउँपालिकामा जन्मेका सुनिल लम्साल दुई दशकअघि देखि रूपन्देहीको तिलोत्तमा नगरपालिका भलबारीका स्थायी बासिन्दा हुन्। भलबारीकै अरनिको बोर्डिङ स्कुलबाट एसएलसी पूरा गरेका उनले रूपन्देहीकै लुम्बिनी इन्जिनियरिङ कलेजमा इन्जिनियरिङ विषय पढेका हुन्। उक्त कलेजमा पढ्दा नेकपा एमाले निकट अनेरास्ववियुमा क्रियाशील रहेका उनी सन् २०११ मा स्ववियू सभापति निर्वाचित भएका थिए। २०६२/६३ को जनआन्दोलनमा पनि सक्रिय सहभागिता जनाएका लम्सालले संरचनात्मक इन्जिनियरका रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका ठूला पूर्वाधार परियोजनामा काम गरिसकेका छन्। उनी २०७९ को स्थानीय निर्वाचनपछि काठमाडौं महानगरपालिकामा मेयर बालेन शाहको पूर्वाधार सल्लाहकार भएर काम गरे।

उनी हाल फोहोर व्यवस्थापन (वेस्ट म्यानेजमेन्ट) विषयमा विद्यावारिधी अध्ययनरत छन्।

बालेन शाहसंगै रास्वपामा प्रवेश गरेका लम्साल देशको चौथो ठूलो दल रास्वपाको महामन्त्री पनि मनोनित भएका छन् अहिले। दलीय राजनीतिमा जोडिएको एक महिनामै पार्टीको शीर्ष पदाधिकारी र प्रतिनिधि सभा सदस्यको उम्मेदवार बनेर लम्साल संसद प्रवेश गर्ने दौडमा छन्।

कृषि नीति प्रभावकारी कार्यान्वयन तथा सिँचाइ व्यवस्थापनमा सुधार,नदी कटान रोकथाम,रोहिणी नदी करिडोर विकास, स्थानीय औद्योगिक करिडोर निर्माण, देवदहलाई लुम्बिनीसँग जोड्ने पर्यटन मार्ग विकास,सीपमूलक शिक्षा,रोजगारी सिर्जना,भूमिहीन सुकुम्बासीलाई भूमिको स्वामित्व दिने लम्सालका प्रतिवद्धता छन्।

पार्टी स्थापनाकालदेखि खटिएका र उम्मेदवार सिफारिश भएका नेताहरूले टिकट नपाई उनले पाएपछि पार्टीभित्र असन्तुष्टी, क्षेत्रमा अपरिचित अनुहार, बालेनको सल्लाहकार हुंदा लम्साल विदेश भ्रमणमा जांदा भएको ५२ लाख रूपैयां बेरूजू, संसदीय राजनीतिको अनुभवको कमी र प्रतिस्पर्धी दलहरूको बलियो संगठन उनका लागि चुनौति छन्। पछिल्लो समय देशका विभिन्न जिल्लाका रास्वपा नेताहरूले पार्टीभित्र बेथिति, विकृति मौलाएको भन्दै पार्टी छाड्ने क्रमले रास्वपाप्रतिको आकर्षण घट्दै जांदा उनी रक्षात्मक बन्न सक्ने आंकलन भइरहेको छ।

# Madhyabindu Municipality

## Office of Municipal Executive

**Madhyabindu-7, Chormara, Nawalparasi(East of Bardghat Susta)**

**Gandaki Province, Nepal**

## Invitation for Bid

First Date of publication: 14/11/2082 (26/02/2026)

1. Madhyabindu Municipality has own resources and has allocated funds towards the cost ofGoods and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites Electronic Bids from eligible bidders for the following equipment procurements.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Gandaki Province, Nepal. Ph: 078-410125 or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification No. | Description of work | Procurement Type | Cost of Bidding Document Nrs. | Bid security Amount Nrs. | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 27/NCB/ MB/GOODS/ 2082/83 | Procurement of combined Harvester, Baler and Trailer Machines for Madhyabindu Municipality | NCB-GOODS | 3000/- | 2,25,000 | 90 days/ 120 days after bid opening | 2026-03-29 12.00 | 2026-03-29 14.00 |
| 28/NCB/ MB/GOODS/ 2082/83 | Procurement of Medical Equipment for Municipal hospital of Madhyabindu Municipality-Phase II | NCB-GOODS | 3000/- | 1,00,000 | 90 days/ 120 days after bid opening | 2026-03-29 12.00 | 2026-03-29 14.00 |

**Chief Administrative Officer**


**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः **तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः **सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**सुशासनसहितको समृद्ध रुपन्देही २ का लागि तारा चिन्हमा मतदान गरौं**

# रुपन्देही २ का मतदातासमक्ष नेकपा उम्मेदवार विश्वदीप पाण्डे 'शुभाष'का के छन् प्रतिबद्धता ?





## राष्ट्रिय तहको प्रतिबद्धता

- लामो संघर्षबाट प्राप्त यस संविधानका चार स्तम्भ लोकतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समावेशिता रक्षामा प्रतिबद्ध हुनेछु।
- प्रदेशलाई प्रभावकारी बनाउन संवैधानिक सुधारका लागि पहल गर्नेछु।
- धर्मका नाममा हुने कुनै पनि राजनीतिक गतिविधि हुन नदिन तथा प्रलोभनका आधारमा धार्मिक रूपान्तरण गर्न नदिने कानुन निर्माण तथा कार्यान्वयनका लागि प्रतिबद्ध हुनेछु।
- लोकतन्त्रको आत्मा सुशासन र पारदर्शितालाई पहिलो कार्यभारका रूपमा लिनेछु।
- सबै सरकारी निकायहरूको विद्युतीय सूचनालाई केन्द्रीकृत गरी सेवा प्रणालीलाई एकद्वार नीतिमार्फत सहज बनाउन पहल गर्नेछु। राष्ट्रिय परिचयपत्र भएपछि हरेक कार्यालयमा बेग्लाबेग्लै अभिलेखीकरण गर्नुपर्ने, त्यसका लागि लामो लाइन बस्नुपर्ने झन्झटबाट मुक्त गराउनेछु।
- सरकारका सबै योजनाको खर्च विवरण सार्वजनिक गर्ने नीति बनाउन पहल गर्नेछु। हरेक सांसदले प्रत्येक तीन महिनामा खर्च विवरण प्रतिनिधिसभाको वेबसाइटमार्फत सार्वजनिक गर्ने व्यवस्थाका लागि अग्रसरता लिनेछु।
- हरेक ६ महिनामा निर्वाचन क्षेत्रका नागरिकसँग 'सार्वजनिक संवाद' गर्नेछु। मेरो संसदीय भूमिकाबारे हरेक वर्ष 'रिपोर्ट कार्ड' सार्वजनिक गर्नेछु।
- युवाहरूलाई उद्यमशीलता र नवप्रवर्तनका लागि प्रेरित गर्न बैंकबाट सहुलियत ऋणको व्यवस्था गरिनेछ। बजार प्रवर्द्धन र वितरणका लागि राज्यको समन्वयकारी भूमिकाको सुनिश्चितता गरिनेछ।

## तपाईंसँग सम्झौता

- बुटवलमा 'आइटी कलेज' स्थापना गरिनेछ। त्यसबाट रोजगारी सुनिश्चित गर्न कमाउँदै सिक्ने (अप्रेन्टिससिप) मोडल र पास आउट हुनासाथ जागिरका लागि स्वदेशी र विदेशी रोजगारदाता कम्पनीहरूको आबद्धता मोडल अपनाइनेछ।
- बुटवललाई नेपालकै 'स्मार्ट सिटी'का रूपमा विकास गर्नेछु। त्यसका लागि पहिलो चरणमा 'मेरो फोहोर, मेरो मोहोर' अवधारणाअनुसार फोहोर प्रशोधन हुने, नकुहिने फोहोरको पुनर्चक्रको व्यवस्था गरिनेछ।
- बुटवलको खानेपानीको आपूर्तिको दीर्घकालीन व्यवस्थाका लागि झुम्सा खानेपानी योजना तथा तिनाउ नदीको पानीको पूर्ण प्रशोधन गरिनेछ।
- पुरानो 'बटौली बजार'पारि बुटवललाई प्राचीन सांस्कृतिक सहरका रूपमा विकास गर्न स्थानीयहरूकै अगुवाइमा काम गर्नेछु। अंग्रेज फौजलाई परास्त गरेको 'जितगढी किल्ला' र नुवाकोट गढीको ऐतिहासिक महत्त्व उजागर गर्दै संरक्षण र पर्यटकीय स्थलका रूपमा विकास गर्नेछु।
- बुटवलले पहिचान बनाएको 'अब्बल सामुदायिक विद्यालय, सबल शिक्षालय' भन्ने अवधारणाअनुसार बुटवललाई काठमाडौंबाहिरको 'शैक्षिक राजधानी' बनाउन नीतिगत पहल गरिनेछ। साथै, पूर्वाधार विकासका लागि बजेट विनियोजन गरिनेछ।
- बुटवल, तिलोत्तमा, सैनामैना, शुद्धोधन क्षेत्रलाई बृहत् लुम्बिनीसँग जोडेर पर्यटन प्रवर्द्धन गरिनेछ।
- नदी सभ्यतासँग जोडेर तिनाउको संरक्षण गर्नेछु। त्यसका लागि १६/३६ कुलोको व्यवस्थापन, मर्मतसम्भार र उपयोगलाई जोड दिनेछु। नदीमा फोहोर ढल मिसाउन नदिने उपाय अपनाउनेछु।
- वर्षौंदेखि बुटवल, सैनमैना, तिलोत्तमा र शुद्धोधन क्षेत्रमा थाती रहेको दलित भूमिहीन, अव्यवस्थित बसोबासीको जग्गासम्बन्धी समस्या समाधानका लागि ठोस रूपमा पहल गरिनेछ। यसका साथै अव्यवस्थित तथा सुकुमवासी क्षेत्रका युवाहरूलाई लक्षित गरी स्वरोजगार मुलुक उद्यम गर्ने वातावरणको व्यवस्था गरिनेछ।
- **'कृषिबाटै समृद्धि'** भन्ने सोचका साथ बुटवलमा रहेको कृषि संकलन केन्द्रलाई आधुनिक र व्यवस्थित बनाइनेछ। पहाडी जिल्ला गुल्मी, अर्घाखाँची, पाल्पा, प्युठान, रुकुम, रोल्पा र स्याङ्जासम्मका ग्रामीण कृषिउपजको छुट्टै 'कृषि अर्गानिक स्टोर' स्थापना गरिनेछ।
- निर्माणाधीन बुटवल राजमार्ग चौराहादेखि गोलपार्क, बेलबास-बेथरी सडक वर्षौंसम्म अलपत्र भएको बारे सम्बन्धित पक्षलाई जवाफदेही बनाउँदै यसलाई तुरुन्त पूरा गर्न पहल गरिनेछ। साथै वर्षौंसम्म योजनाहरू अलपत्र पारी नागरिकले पाएको सास्ती दोहोरिन नदिन **'संसद' मा सशक्त रूपमा आवाज** उठाइनेछ।
- **गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल**मा नियमित अन्तर्राष्ट्रिय हवाई उडानका लागि संघीय सरकारलाई उत्तरदायी बनाउँदै बृहत्तर लुम्बिनी क्षेत्र (रुपन्देही, कपिलवस्तु र नवलपरासी पश्चिम) का स्थानीय तह प्रदेश सरकार एवं निजी क्षेत्रसँग समेत सहकार्यको वातावरण बनाई नियमित उडान गरिनेछ। खासगरी बौद्ध राष्ट्रहरूबाट सिधा उडानका लागि संघीय सरकारलाई संसद्मार्फत जिम्मेवार बनाइनेछ।
- **'मोतीपुर औद्योगिक क्षेत्र'** निर्माण गर्ने तथा त्यहाँ सूचना तथा प्रविधिमैत्री बनाउन पहल गरिनेछ।
- 'बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र'लाई व्यवस्थित र नियमित सञ्चालनका लागि कार्यक्रमहरू बनाइनेछ।
- बुटवलको चुरे पहाडअन्तर्गत ज्योतिनगर क्षेत्रको पहिरो नियन्त्रणका लागि पहल गरिनेछ, यसका लागि सरकारको संरचनालाई जिम्मेवार र जवाफदेही बनाइनेछ।
- रुपन्देहीको सैनामैना क्षेत्रलाई गौतमबुद्धसँग सम्बन्धित क्षेत्रहरूको पुरातात्त्विक उत्खनन गरी पर्यटकीय क्षेत्रका रूपमा विकास गरिनेछ।
- सैनामैना, तिलोत्तमा र शुद्धोधन क्षेत्रका खेतीयोग्य भूमिको संरक्षण गर्दै व्यावसायिक कृषिका लागि सिँचाइ, मल, बिउबीजन र ट्र्याक्टर, टिलरलगायत कृषिजन्य सामग्रीका लागि राहत उपलब्ध गराइनेछ। कृषि उत्पादनलाई बजारसँग जोड्न राज्यको समन्वयकारी भूमिका स्थापना गरिनेछ।
- बुटवल, सैनामैना, शुद्धोधन, तिलोत्तमालाई जोड्ने गरी चक्रपथको निर्माण गरिनेछ। ग्रामीण र सहरोन्मुख क्षेत्रहरूमा व्यावसायिक कृषि, मझौला उद्योगको स्थापना गरिनेछ र सहरी क्षेत्रमा बजारको विस्तार गरिनेछ।
- सैनामैनामा स्थापित वैकल्पिक चिकित्सालयको स्तरोन्नति गर्दै वैकल्पिक चिकित्सा अध्ययन केन्द्र (वैकल्पिक चिकित्साको मेडिकल कलेज)को आधार निर्माण गर्न पहल गरिनेछ।
- लुम्बिनी प्रदेशिक अस्पतालको निर्माणाधीन भवन पूरा गरी सहज उपचारको व्यवस्था गरिनेछ। त्यसका लागि दक्ष जनशक्तिको दरबन्दी गरिनेछ भने सुपथ र सहज उपचारका लागि प्रभावकारी व्यवस्था गरिनेछ। अस्पताल आएका कोही पनि आर्थिक अभावकै कारण विनाउपचार फर्किन नपरोस् भनी विशेष कोषको व्यवस्था गरिनेछ।
- बन्द रहेको बुटवल धागो कारखाना वर्तमान युग सुहाउँदो गरी सञ्चालन गर्न संसद्मार्फत सरकारलाई जवाफदेही बनाई यसमार्फत रोजगारी सिर्जना गरिनेछ।
- बुटवलको नमुना अटो भिलेजलाई थप व्यवस्थित बनाइनेछ। यातायातको केन्द्रका रूपमा विकास गर्ने गरी आवश्यक नीति बनाइनेछ।
- सञ्चार क्षेत्रमा अब्बल रुपन्देहीको पहिचानलाई दिगो बनाउन सञ्चारमा विकेन्द्रीकरणको नीतिअनुसार नेपालकै आधुनिक मिडिया प्रतिष्ठान बनाउन पहल गरिनेछ।
- बुटवललाई पर्यावरणमैत्री सहर बनाउन चुरे पहाडको संरक्षण गर्ने तथा यहाँका पार्कहरूमा पूर्वाधार निर्माण गरी आकर्षक पर्यटकीय स्थल बनाइनेछ।

ADVT.

**रुपन्देही निर्वाचन क्षेत्र नं.२, चुनाव प्रचार प्रसार समिति २०८२**
**नेपाली कम्युनिस्ट पार्टी (नेकपा)**

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com